# नेपाल विद्युत प्राधिकरण मर्स्याङ्गदी कोरिडोर २२० के.भी. प्रसारण लाईनमा विद्युत प्रसारण हुने सम्वन्धी अत्यन्त जरुरी सूचना

युरोपियन लगानी बैंकको ऋण सहयोग तथा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा निर्माणाधिन मर्स्याङ्गदी कोरिडोर २२० के.भी. प्रशारण लाईन आयोजना अन्तर्गत मार्किचोक-भरतपुर २२० के.भी. प्रसारण लाईन खण्डको निर्माण कार्य करिव सम्पन्न भएको छ । उक्त प्रसारण लाईनलाई राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्नका लागि तनहुँ जिल्लाको मार्किचोकमा रहेको न्यू मर्स्याङ्गदी सवस्टेसन देखि चितवन जिल्लाको आँपटारी स्थित न्यू भरतपुर सवस्टेसन सम्म २२० के.भी. डवल सर्किट (हाललाई एक सर्किट मात्र चार्ज हुने) प्रसारण लाईन बाट मिति २०८३/०३/२३ गते मंगलबार देखि २२० किलोभोल्ट क्षमताको विद्युत प्रवाह गरी परीक्षण गरिने र सो पश्चात प्रसारण लाईन संचालनमा रहने व्यहोरा सर्वसाधारण सवैलाई जानकारी गराउँदछौं । उक्त प्रसारण लाईनका टावरहरुमा नचढ्न, कुनै पनि वस्तुले नछुन, टावरको वरिपरि नजान, गाईवस्तुहरुलाई टावरको वरिपरि नछोडन/जान नदिन तथा खतरा (Danger) संकेत जनाईएका विद्युतीय संरचनाहरुलाई नछुन र वालवालिकाहरुलाई समेत उक्त विषयमा सचेत गराईदिनुहुन अनुरोध गर्दै यो सूचना प्रेषित गर्दछौं । साथै परीक्षणको क्रममा कुनै स्थानमा झिल्का ( स्पार्क) आएमा वा अन्य कुनै खतरा देखिएमा तपसिलमा उल्लेखित फोन नंवर वा नजिकको प्रहरी चौकी वा नजिकको नेपाल विद्युत प्राधिकरणको कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछौं ।

## प्रशारण लाईनको रुट पर्ने स्थानहरु

| क्र.सं. | जिल्ला | नगरपालिका तथा गाउँपालिकाका वडा तथा क्षेत्रहरु |
|---|---|---|
| १ | तनहुँ | आँवुखैरेनी गाउँपालिका वडा नं. २, ३, ४ र ५ का क्षेत्रहरु |
| २ | गोरखा | गोरखा नगरपालिका वडा नं. १४ याङकोट क्षेत्र |
| ३ | चितवन | भरतपुर महानगरपालिका वडा नं. २९, जुगेडी, चौकिडाँडा क्षेत्रहरु<br>ईच्छाकामना गाउँपालिका वडा नं. ६, रिग्दीखोला क्षेत्रहरु |

फोन नं. ९८४६१५७४४५, ९८५११६५८२६

नेपाल विद्युत प्राधिकरण
मर्स्याङ्गदी कोरिडोर २२० के.भी. प्रसारण लाईन आयोजना
फेदिकुना, लमजुङ्ग